## सूचना २

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी समुन्द्रपारबाट आयात गरिएको रेपसिड आयलको गुणस्तर तोक्ने सम्बन्धमा खण्ड ३० मिति २०३७।६।२७ अतिरिक्ताङ्क ४१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दोस्रो प्रकरणको सट्टामा देहायबमोजिमका प्रकरण राखिएको छ।

"समुन्द्रपारबाट आयात गरिएको रेपसिड आयल (खाने तेल)" भन्नाले ब्रासिकाजातिका (रायो तोरी) जस्तै ब्रासिका क्याम्पेष्ट्रीस, बी. जन्सियो अथवा बी. नेप्स (Brassica campestris, B. juncea or B. napus) इत्यादि उपजातिको संग्लो तथा इरूसिक एसिड (Erucic acid) भन्ने तत्व घटाइएको तेलहनबाट निकाली मानव उपभोगको लागि उपयुक्त हुने गरी प्रशोधन गरिएको तेललाई सम्झनु पर्दछ। यो तेल दुर्गन्ध (अक्सिडाइजको कारण) नभएको, पानी छुट्टिने गरी जलाम्स नभएको, अप्रासंगिक बाहिर रंग गन्ध एसेन्स नहालेको र कसर मैला रहित स्वच्छ सफा भै निम्नबमोजिमको गुणस्तर परिधिअनुरूपको हुनु पर्नेछ।"

आज्ञाले,
इन्द्रराज मिश्र
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।